म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

पत्र संख्या : ०७६।७७

चलानी नं. ३८८

मिति : २०७६।०६।२९

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ्ग, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय, सबै

श्री विषयगत शाखाहरु,
म्याग्दे गाउँकार्यपालिकाको कार्यालय, छाङ, तनहुँ ।

प्रस्तुत विषयमा गाउँकार्यपालिकाको मिति २०७६।०६।२८ गतेका दिन बसेको कार्यपालिका बैठकबाट निर्णय भएका तपशील बमोजिमका निर्णयहरु कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

**निर्णयहरु :**

**निर्णय नं.१.** समपुरक अनुदानका योजना छनौट

देहाय बमोजिमका योजनाका लागि समपूरक कोष अनुदानको कार्यक्रम अन्तर्गत छनौट गरी सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

क. बडहरे माछापुच्छ्रे बाघखोर भैँसिखर्क चारहजार बाँध मोटर मार्ग (वडा नं.२)

ख. धँयेरे किल्चोक मोटरमार्ग (वडा नं. ३)

ग. छाङपाटन नयाँबस्ती झिरुबास मोटर मार्ग (वडा नं. ५)

घ. थर्पु छाङ हटिया मोटर मार्ग (वडा नं. ४)

ङ. सेराफाँट केउराङ क्षेत्रे भञ्ज्याङ्ग मोटर मार्ग (वडा नं. ६)

च. जनज्योती मोटर मार्ग (वडा नं. ७)

छ. वडा नं. १ को बराहलिफ्ट खानेपानी आयोजना

ज. वडा नं. ७ को रीपा खानेपानी आयोजना, लुप्चे ।

**निर्णय नं. २**

कार्यपालिकाको नियमित बैठक हरेक महिनाको दोश्रो शुक्रबार दिनको ठीक २ बजे बस्ने निर्णय गरियो ।

६।६।२९

हरिराम मागिला
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

आर्थिक ऐनको अनुसूची-७ विज्ञापन कर राजस्व शीर्षक नं.११४७२ को तुल ब्यानर एक हप्ता भन्दा बढीको रु १० भएको संशोधन गरी रु १०० बनाउने निर्णय गरियो ।

**निर्णय नं. ४.**

वडा नं. ४ र ६ को वडा कार्यालय भवन निर्माण तथा जग्गा व्यवस्थापनको सर्भे तथा कन्टुर म्याप तयार गर्नका लागि उक्त शिर्षकहरुबाटै खर्च व्यहोर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५.**

वडा नं. १ र ५ को वडा कार्यालय भवनको ठेक्का आव्हानको निम्ति स्वीकृत डि.पि.आर अनुसार ( पूर्ण ठेक्का) कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

भट्टराइथोक,तिलाहार र कोइरालाथोक खानेपानी योजना डिप बोरिङ्ग योजनाको सम्झौताको निम्ति डि पि आर आवश्यक भएकोले उक्त शीर्षकबाट नै खर्च व्यहोर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

म्याग्दे गाउँपालिकाको आर्थिक ऐनमा घर नक्सा पास सम्बन्धि जरिवानाको हकमा नक्सा संशोधन भएमा के कति जरिवाना लगाई नक्सा पास प्रक्रिया अगाडि बढाउने नखुलेको हुँदा नक्सापास संशोधनको लागि नक्सापास दस्तुरको २० प्रतिशत जरिवाना लिई संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

घर कायम थप गर्ने म्याद कार्तिक महिना देखि चैत्र मसान्तसम्म ६ महिनाको लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

साविक जामुने ९ हाल म्याग्दे १ का स्थायी बासिन्दाहरुको नागरिकताको प्रमाणपत्रमा व्यास नगरपालिका र दमौली ठेगाना देखिएकोमा वतन परिवर्तन गरी म्याग्दे १ कायम गर्नका लागि जिल्ला प्रशासन कार्यालय तनहुँ मा अनुरोध गर्ने निर्णय गरियो ।

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : ..........
चलानी नं. ..............
मिति : ......................................

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ्ग, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

निर्णय नं. १०

निम्नानुसारका अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

क. जनकल्याण युवा क्लब, छाङपाटन का लागि ४० हजार

ख. तीज कल्याणकारी आमा समूह का लागि ५० हजार

ग. बाराही महिला बहुउद्देश्य सहकारी संस्था का लागि ३० हजार

घ. थर्पु बजार समितिको तीज कार्यक्रमका का लागि ३० हजार

ङ. नव युनाइटेड क्लबको आयोजनामा सञ्चालन भएको भलिबल खेलमा यस गाउँपालिकाबाट सहभागी भएका खेलाडी का लागि रु २० हजार उपलब्ध गराउने निर्णय गरियो

च. काली कुवा थर्पु प्रहरी चौकी पूर्ण निर्माणका लागि २० हजार उपलब्ध गराउने निर्णय गरियो ।

छ. न्यू भिजन युथ क्लब, जामुने द्वारा आयोजित तीज गित कार्यक्रमका लागि ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

०७।३।२९

हरिराम नागिला

प्रमुख प्रशासकीय अधिकृत

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सूचना प्रविधि शाखा : वेबसाइटमा अपलोड गर्नुहुन ।